आज मिति २०७५ साल जेष्ठ ९ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको कार्यालयका नगर प्रमुख श्री नारायण वन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैंठकमा तपशिल बमोजिमका पदाधिकारी ज्यूहरुको उपस्थिति रह्यो ।

**<u>उपस्थिति :</u>**

| | | |
|---|---|---|
| १. | अध्यक्ष श्री नारायण वन, रत्ननगर न.पा. नगर प्रमुख | द |
| २. | सदस्य श्री विमला देवी दुवाडी, रत्ननगर न.पा. उप–प्रमुख | द |
| ३. | सदस्य श्री शंकर सिं तमाङ्ग, वडा अध्यक्ष, वडा नं. १ | द |
| ४. | सदस्य श्री तिलक राज पौडेल, वडा अध्यक्ष, वडा नं. २ | द |
| ५. | सदस्य श्री गुप्तनाथ भट्टराई, वडा अध्यक्ष, वडा नं. ३ | द |
| ६. | सदस्य श्री रविन्द्र चौधरी, वडा अध्यक्ष, वडा नं. ४ | द |
| ७. | सदस्य श्री कृष्ण महतो, वडा अध्यक्ष, वडा नं. ५ | द |
| ८. | सदस्य श्री किरण महतो, का.वा.वडा अध्यक्ष, वडा नं. ६ | द |
| ९. | सदस्य श्री लाल बहादुर भट्ट, वडा अध्यक्ष, वडा नं. ७ | द |
| १०. | सदस्य श्री विनोद वस्नेत, वडा अध्यक्ष, वडा नं. ८ | द |
| ११. | सदस्य श्री रोशन आचार्य, वडा अध्यक्ष, वडा नं. ९ | द |
| १२. | सदस्य श्री केशव आचार्य, वडा अध्यक्ष, वडा नं. १० | द |
| १३. | सदस्य श्री शशिभक्त न्यौपाने, वडा अध्यक्ष, वडा नं. ११ | द |
| १४. | सदस्य श्री विर बहादुर पाखिन, वडा अध्यक्ष, वडा नं. १२ | द |
| १५. | सदस्य श्री चित्र बहादुर भण्डारी, वडा अध्यक्ष, वडा नं. १३ | द |
| १६. | सदस्य श्री हरि कुमार श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. १४ | द |
| १७. | सदस्य श्री हुमनाथ लामिछाने, वडा अध्यक्ष, वडा नं. १५ | द |
| १८. | सदस्य श्री हेमराज थापा, वडा अध्यक्ष, वडा नं. १६ | द |
| १९. | सदस्य श्री राजेन्द्र परियार हमाल, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २०. | सदस्य श्री मिना गिरी, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २१. | सदस्य श्री निर्मला कुमारी खड्का, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २२. | सदस्य श्री सरस्वती लामा, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २३. | सदस्य श्री भोला देवी गौडेल, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २४. | सदस्य श्री कृष्ण हरि परियार, कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २५. | सदस्य श्री मन कुमारी वि.क., कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २६. | सदस्य श्री रिता वि.क., कार्यपालिका सदस्य रत्ननगर न.पा. | द |
| २७. | सदस्य सचिव श्री नवराज ढुङ्गाना, प्रमुख प्रशासकिय अधिकृत, र. न.पा. कार्यालय | द |
| २८. | लेखा अधिकृत श्री ऋषि प्रसाद कडुवाल, रत्ननगर न.पा. कार्यालय | द |
| २९. | प्रशासकीय अधिकृत श्री संगम सापकोटा, र. न. पा. कार्यालय | द |
| ३०. | ना.सु. श्री उर्मिला तमाङ्ग दाहाल, रत्ननगर न.पा. कार्यालय | द |

**निर्णयः**

**निर्णय नं. १**

यस नगरपालिकाको विधायन समितिबाट पेश भएका तपसिलका कार्यविधीहरुलाई स्वीकृति गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधी २०७५

२. “घ” वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधी २०७५

**निर्णय नं. २.**

यस नगरपालिकाका जग्गाको खण्डीकरण तथा जग्गा विकास गर्ने क्रम तीव्र हुँदै गएको सन्दर्भमा बसोबासलाई व्यवस्थित गर्न स्पष्ट नीति नियम आवश्यक भएको सन्दर्भमा रत्ननगर नगरपालिकाको जग्गा विकास कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिकाको सूचना वमोजिम घर नक्सा सुचिकृत तथा अभिलेखीकरण गर्न निम्न घरधनीहरुबाट निवेदन पेश भएकोले सूचीकृत तथा अभिलेखिकरण गर्नका लागि सम्बन्धित वडा कार्यालयबाट सार्वजनिक जग्गा, कुलो, मठमन्दिर नपरेको तथा संधियार समेतको जग्गा नचर्चेको भनि सिफारिस प्राप्त भएको र न. पा. को निर्देशन वमोजिम आवश्यकता अनुसार भत्काउने प्रतिवद्धता घर धनीबाट प्राप्त हुन आएकोले सम्बन्धित वडा कार्यालयको सूचीकरण तथा अभिलेखिकरण गरिदिने सिफारिस अनुसार अभिलेखिकरण/सूचिकृत गर्ने निर्णय गरियो । सूचिकृत गर्ने निर्णय सहित प्रमाण पत्र प्रदान गर्न न. पा. प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | नाम र थर | वडा नं | कि.न. | क्षेत्रफल | साविक वडा नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सूर्यमान तमाङ्ग | १ | २१५० | ८४.२५ | देवौली २।क | |
| २ | झलक कुमारी अधिकारी | १२ | १०३८ | ०-०-१० | पंचकन्या २।क | |
| ३ | दल बहादुर भट्ट | १३ | ६०४, ६०५ | ०-२-४ | पंचकन्या ९।क | |
| ४ | बाबुराम मर्दनिया | ८ | ३०७ | ०-५-० | देवौली ४।ख | |
| ५ | सोम नाथ भट्ट | १० | २१७५, १८८२ | ०-०-९.२५ | पंचकन्या ६।ख | |
| ६ | संयोग बाबु ढुंगाना | ६ | १३३५ | ०-१२-६ | बछौली २ | |
| ७ | बुद्धीराज ओझा | ११ | १३४५ | ०-१२-३.५ | पंचकन्या ७क | |
| ८ | सिता ठकुरी | ४ | १८३३ | ०-५-० | देवौली १।क | |
| ९ | फत्त बहादुर गुरुङ्ग | १२ | ३८४ | ०-०-८ | पंचकन्या ८।क | |
| १० | कल्पना भट्ट | १२ | ४७५ | ०-१-० | पंचकन्या ३।ख | |
| ११ | यन प्रसाद तिमल्सेना | ११ | १०११ | ०-०-१० | पंचकन्या ७क | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | बुद्धीबहादुर क्षेत्री | ७ | ५२८,४९६ | ०-२-० | बछौली ३।ख | |
| १३ | सिमुन घिमिरे | २ | १५४० | ०-०-१० | पंचकन्या ५।ग | |
| १४ | ऋषिराम शर्मा | ९ | १४७७ | ०-०-५.७५ | देवौली ६।ख | |
| १५ | गोविन्द चौलागाई | १२ | ३०४५ | ६७७.२५व.मी. | पंचकन्या २ | |
| १६ | सविन प्रसाद खनाल | १३ | १३०९ | ०-४-० | पंचकन्या ९।क | |
| १७ | देवकुमारी कोईराला | ३ | ४६८०, ४७९० | २२५.२५ व.मी. | पिठुवा ६ | |
| १८ | पदम लाल पौडेल | ३ | २२१५ | ०-१-८.५ | पिठुवा ६ | |
| १९ | मिन कुमारी श्रेष्ठ | ३ | ६३६ | ०-१०-० | पिठुवा ६ | |
| २० | प्रदीप राज सुवेदी | ३ | ४६६९ | ०-०-१० | पिठुवा ६ | |
| २१ | श्रीकृष्ण महत | १२ | २०१५ | ०-५-१० | पंचकन्या ३।ख | |
| २२ | गंगा प्रसाद रिमाल | १२ | २२६४ | ०-०-१६ | पंचकन्या ८।ख | |
| २३ | तुल बहादुर सिजाली | १४ | २१९७, २१९८ | २२०.१२ ब.मी. | पिठुवा ६ | |
| २४ | टंकबहादुर अंगाई | १२ | १८८८ | ०-४-१० | पंचकन्या ३।क | |
| २५ | विन्दु श्रेष्ठ | १० | १४४० | ०-०-१० | पंचकन्या ५।ख | |
| २६ | कल्पना सुवेदी | १० | १६६० | ०-०-१२.५ | पंचकन्या ६।क | |
| २७ | जमुना देवी विडारी | १ | २७४८ | ०-०-४.२५ | देवौली २।क | |
| २८ | टिकाराम सापकोटा | ९ | १०२६ | ०-२-११.२५ | देवौली ७क | |
| २९ | लाल बाबु शाह | १३ | ३७६९ | ०-१-० | पंचकन्या ५।क | |
| ३० | अमृत कुमार राजभण्डारी | २ | १८११ | ०-१-३.५ | देवौली ८ | |
| ३१ | सुशिला खनाल वाग्ले | १३ | ११७० | ०-१०-० | पंचकन्या ९।क | |
| ३२ | गोमा कुमारी नेपाल | ८ | ६६१ | ०-२-० | देवौली ४।क | |
| ३३ | शान्ता प्रसाद दुवाडी | १३ | १६९६ | ०-०-१९ | पंचकन्या ५।क | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४ | राज कुमार खनाल | १३ | १०२०, १०२१ | ०-४-६ | पंचकन्या ४ | |
| ३५ | सन्त कुमारी मगर | १० | ६८४ | ०-०-६.२५ | पंचकन्या ६।ख | |
| ३६ | सुमन भट्ट | १२ | २१९६ | ५०७.९८ | पंचकन्या ३ | |
| ३७ | सीता श्रेष्ठ | ४ | २६२६ | ११८.२० | देवौली १।क | |
| ३८ | भरत ओझा | ११ | १३४४ | ०-६-१५ | पंचकन्या ७क | |
| ३९ | कौशिला सापकोटा | २ | १३९८ | ०-०-१४ | देवौली ८ | |
| ४० | मिना कुमारी महतो | ९ | ८९९ | ०-१-० | देवौली ५।ख | |
| ४१ | सुकै महतो | ४ | ९१६ | ०-०-३.५ | देवौली १।घ | |
| ४२ | धरम राज चौधरी | ४ | ३५, १९५२ | ५७.६० व.मी. | देवौली १।घ | |
| ४३ | बुधनी चौधरी | ४ | ६९९ | ०-०-९ | देवौली १।घ | |
| ४४ | विक्रमिया कुमारी चौधरी | ४ | ५४ | २०३.२० | देवौली | |
| ४५ | छनु महतो | ४ | १६२ | ०-०-७.२५ | देवौली | |
| ४६ | तारा महतो | ४ | १०५१, १०४५, १०४८ | ०-०-६ | देवौली १।ङ | |
| ४७ | सुमन भट्ट | १२ | २१९६ | ५०७.९८ व.मी. | पंचकन्या ३ | |
| ४८ | पुर्ण कुमारी पोखरेल | १२ | २४१६ | ०-३-५ | पंचकन्या ८।क | |
| ४९ | लक्ष्मी गोले तमाङ्ग | १२ | २४३३ र २७५६ | ०-३-१० | पंचकन्या २ | |
| ५० | मित्रलाल रेग्मी | १२ | १६३ | ०-१०-० | पंचकन्या | |
| ५१ | लक्ष्मण लामा | ९ | ३९३, ३९७ | ०-७-० | देवौली ७क | |

**निर्णय नं. ४**

रत्ननगर नगरपालिकाको प्रशासकिय भवनको ठीक अगाडी एक सिंग गैंडाको मूर्ति राख्ने गरी रत्ननगर नगरपालिकाको भवनको तल्लामा ट्रस निर्माण उपभोक्ता समितिले खरि गरी गैंडाको मूर्ति समेत प्रतिस्थापन गरिसकेकोले उक्त उपभोक्ता समितिलाई नगरपालिकाबाट रु. १,००,०००।- (एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

रत्ननगर नगरपालिकालाई बालश्रम मुक्त नगरपालिका बनाउने यस नगरपालिकाको निर्णय वमोजिम र. न. पा. वार्ड नं. ३ मा २०७५ फागुनमा वडाबाट घरधुरी सर्वेक्षण हुँदा ९ जना बालश्रमिक पाईएकोमा अन्यको व्यवस्थापन भई ४ जना बाल बालिकाको व्यवस्थापन हुन बाँकी रहेको देखिएकोले यस नगरपालिकाबाट संरक्षकत्व प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

समाज कल्याण परिषद अन्तर्गतको राष्ट्रिय अपांग कोषको मिति २०७४।१२।२७, च. नं. २६७।०७४।०७५ को पत्रानुसार यस रत्ननगर नगरपालिका अन्तर्गतका पूर्ण र आंशिक अपांग गरी ९९ जनालाई सहायक सामाग्री वितरण गर्ने गरी नापजाँच गर्दा कुल लागत रु. १८,४८,१७२।- हुन आउने देखिएको र यस न. पा. लाई आवश्यक साझेदारीका लागि अनुरोध भई आएकाले कुल लागतको ३०% ले हुन आउने रकम व्यहोर्ने गरी निर्णय गरियो । उक्त कोषबाट सामान वितरण कुँदा यस नगरपालिकाबाट निरिक्षण र अनुगमन हुने गरी व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७:**

नेपाल रेडक्रस सोसाईटीको मिति २०७५।०१।०९ को पत्र अनुसार मिति २०७५।०१।१५ गतेका दिन हुन गईरहेको एक दिवसीय निःशुल्क स्वास्थ्य शिविरमा यस संस्थाबाट आर्थि सहयोग जुटाई दिन अनुरोध भई आएकोमा रु. ३०,०००।-(तीस हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

रत्ननगर न. पा. नगर कार्यपालिकाको मिति २०७४।१२।२२ को बैठकले नगर सभाबाट पारित योजना तथा कार्यक्रमहरु मिति २०७४ चैत्र मसान्तभित्र सम्झौता गरी सक्ने निर्णय गरेकोमा केही महत्वपूर्ण योजनाहरुको सम्झौता हुन नसकेको हुँदा २०७५ जेष्ठ १५ गतेसम्म सम्झौताको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

रत्ननगर नगरपालिकाभित्र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले कार्यक्रमहरु संचालन गरिरहेको पाईएको छर कतिपय संस्थाहरुले यस नगरपालिकासंग कार्यक्रम संचालन तथा कार्यान्वयनका लागि स्वीकृत नलिएकाले उनीहरुलाई नगरपालिकामा सूचीकृत भई आफ्ना कार्यक्रमहरु स्वीकृत गरी संचालन गर्न गराउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

कृषि र पशु व्यवसायलाई उच्च प्राथमिकतामा राखेको यस नगरपालिकामा बृद्ध गाई तथा साना बाच्छाहरु सार्वजनिक क्षेत्रमा छाड्ने प्रबृत्ति बढेको, जसको कारण कृषकको खेतबारीमा गई बालीनालीमा क्षति पुऱ्याउने गरेको हुँदा यो समस्यालाई बढ्न नदिई समयमै समाधान गर्नुपर्ने सवै जनप्रतिनिधीहरुको साझा धारणा बनेकोले यस रत्ननगर न. को टिकौली चौरलाई कान्जी हाउसकोरुपमा विकसित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

रत्ननगर न. पा. वडा नं. ९ मा अवस्थीत कपरफोरी मा. वि. को प्रधानाध्यापकलाई विभिन्न किसिमका आक्षेपहरु लगाई मानमर्दन गर्ने काम भएको र यस न. पा. को ध्यान आकृष्ट भएकोले उक्त विषयमा वास्तविकरुपमा के भएको हो ? सत्यतथ्य छानविन गर्नुपर्ने आवश्यकता देखिएकोले यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

संयोजक- उप प्रमुख श्री विमला देवी दुवाडी, रत्ननगर न. पा.

सदस्य वडा अध्यक्ष श्री लाल बहादुर भट्ट, र. न. पा. ७

,, वडा अध्यक्ष श्री केशव आचार्य, र. न. पा. १०

,, वडा अध्यक्ष श्री गुप्तनाथ भट्टराई, र. न. पा. ३

,, वडा अध्यक्ष श्री हरिकुमार श्रेष्ठ, र. न. पा. १४

**निर्णय नं. १२**

रत्ननगर न. पा. वडा नं. ९ अवस्थित तमाङ्ग समाज ल्होच्याड गुठी संघले र.न.पा. वडा नं. ८ र ९ को बुढाघाट वरण्डाभार जंगलमा २०२२ सालदेखि तमाङ्ग जातिको दाह संस्कार गर्दै आएको र सो स्थानमा लामा गुरुहरु वसी पुजापाठ गर्नका लागि सत्तल (प्रतिक्षालय) आवश्यक परेको हुँदा सिफारिस पाउँ भनी निवेदन पेश गरेको आधारमा वडा नं. ८ र ९ बाट सत्तल र खगेरी खोलामा अस्थायी पुल निर्माणको लागि समेत सिफारिस भई आएको सन्दर्भमा उक्त स्थानमा यस नगरपालिकाबाट सत्तल र अस्थायी पुल निर्माणको लागि आगामी आ. व.मा आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

बीर-रुद्राक्ष जे.भी., बबरमहल, काठमाण्डौंबाट प्राप्त नगरपालिकाको यातायात गुरुयोजनामा छुटेका र थप/बढी भएका विषयहरु परिमार्जन गरी रत्ननगर नगरपालिकाको कार्यालयमा पुनः पेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

महिला सशक्तिकरण तथा परिवर्तनशील संस्था, नेपालले मानव बेचविखन तथा लैंगिक हिंसा अन्त्यको अभियान अन्तर्गत मिति २०७४ चैत्र ३० गते “समाज रुपान्तरणका लागि सकारात्मक सोच” विषयक १ दिने कार्यशाला कार्यक्रम होटल चितवन भ्यू टावर, रत्ननगर ३ मा सम्पन्न गरेकोले उक्त संस्थालाई यस नगरपालिकाबाट रु. ३५,०००।- (पैतीस हजार मात्र) आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरपालिकाको नगर सभाबाट यूवा स्वरोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकमलाई क्षमता अभिबृद्धि कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

राष्ट्रिय फोटो पत्रकार समुह, चितवनको मिति २०७५।०२।०४ को पत्र अनुसार उक्त समुहको जिल्ला अध्यक्षहरुको २(दुई) दिने भेला चितवनको पर्यटकीय नगरीमा जेष्ठ १६ र १७ गते आयोजना हुन गईरहेको र उउक्त भेलाको लागि यस कार्यालयबाट आर्थिक सहयोग उपलव्ध गराई दिनुहुन भनी अनुरोध भई आएकोले उक्त समुहलाई रु. २०,०००।- (बीस हजार मात्र) विविध शिर्षकबाट विनियोजना हुने गरी आर्थिक सहयोथ उपलव्ध गराउने निर्णय गरियो ।